"दूरसञ्चारकर्मीहरु एकजुट होऔं"

# नेपाल दूरसञ्चार राष्ट्रिय कर्मचारी सङ्गठन(NTEAN)

**संस्था समृद्धिमा हाम्रो ध्यान, असल कार्य संस्कृति NTEAN अभियान**

# पोखरा घोषणा पत्र २०८०: रूपान्तरण

नेपाल दूरसञ्चार राष्ट्रिय कर्मचारी सङ्गठनले विगत समयबाट उठान गर्दै आइ रहेको र विभिन्न समयमा अङ्गीकार गरेका नीति र परिकल्पना गरेको दृस्टीकोणलाई समेत मनन गर्दै आफ्नो ३३ औ वार्षिकोत्सव अवसरमा "नेपाल टेलिकम मेरो घर ! संस्थाको विकास र समृद्धि मेरो भर !!" भन्ने मूल भावना सहितको ३३ अभियान, त्यसै गरी "एक सार्वजनिक बिदा NTEAN सदस्य बिहाने उठने, व्यापार प्रवर्धनमा २ घण्टा जुटने" अभियान बाट प्राप्त फिडब्याक, Vision २०३० दस्ताबेज समेतका आधारमा नेपाल टेलिकमको संस्थागत समृद्धि एवम् कर्मचारीको पेसागत सुरक्षाको सन्दर्भमा १०औ केन्द्रीय परिषद् पोखरामा संस्था समृद्धिमा हाम्रो ध्यान, असल कार्य संस्कृति NTEAN अभियान भन्ने नारा सहित देशभर बाट उपस्थित भएका पार्षदहरूको हलबाट सङ्गठनको आगामी सङ्कल्प र कार्य दिशा सहितको पोखरा घोषणा पत्र: रूपान्तरण (Transformation) जारी गरिएको छ।

| सङ्कल्प | कार्यक्रम |
|---|---|
| १.<br>स्वायत्तता<br>Autonomy | ❖ कम्पनीको व्यावसायिकता अभिवृद्धि गर्न सञ्चालक समितिको निर्णय नै अन्तिम हुने गरी स्वायत्तता प्रदान गर्ने<br>❖ सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालकहरूलाई समेत सरकारले कार्य सम्पादन सम्झौता गरी पुरस्कार तथा दण्डको व्यवस्था गर्ने।<br>❖ प्रबन्ध निर्देशकलाई सञ्चालक समिति प्रति उत्तरदायी बनाउन प्रबन्ध निर्देशकको नियुक्ति सञ्चालक समितिले गर्ने । |
| २.<br>व्यवस्थापकीय सुधार<br>Managerial Reform | ❖ कम्पनी र कर्मचारीको हित हुने गरी पारदर्शी प्रक्रिया मार्फत रणनीतिक साझेदार भित्राउने ।<br>❖ तत्काल व्यवस्थापकीय सुधारको निमित्त निश्चित समयको लागि व्यवस्थापन करार गर्ने ।<br>❖ दण्ड र पुरस्कारको व्यवस्था सहित कार्यसम्पादन सम्झौता गरी प्रत्येक ३/३ महिनामा सो को अनुगमन गर्ने प्रणाली लागू गर्ने। |
| ३.<br>लगानी विविधीकरण<br>Investment Diversification | ❖ दूर सञ्चार पूर्वाधार निर्माण कम्पनी र सूचना प्रविधि कम्पनी जस्ता Vertical Diversification क्षेत्रमा लगानी गर्ने (IT Company, Content Development (OCB Model), IoT Device Assembling, Infrastructure Company)<br>❖ कम्पनीले लगानी गरेका सहायक कम्पनीको स्वचालित मूल्याङ्कन प्रणालीको विकास गर्ने। |
| ४.<br>श्रोत उपयोग<br>Resource Utilization | ❖ कम्पनीको स्वामित्वमा रहेका अतिरिक्त श्रोतहरू (Network infrastructure, Fixed Assets, Capital, Human Resource) लाई आवश्यकता अनुसार सहायक कम्पनीमा प्रयोग गर्ने वा अन्य पक्षलाई अधिकतम प्रतिफल प्राप्त हुने गरी प्रयोग गर्न दिने । |
| ५.<br>कम्पनीको पुनर्संरचना<br>Company Restructuring | ❖ कम्पनीको व्यावसायिक तथा प्रतिस्पर्धी क्षमता अभिवृद्धि हुने गरी कम्पनी पुनर्संरचना गर्ने।<br>❖ केन्द्रीय कार्यालयलाई नीति निर्माण, अनुगमन तथा नियन्त्रणकर्ताको रूपमा, निर्देशनालयहरुलाई अनुगमन र समन्वयकर्ताको रूपमा, जिल्ला स्थित कार्यालय तथा ठुला सहरी क्षेत्रमा रहेका कार्यालयलाई आर्थिक अधिकार सहित Profit center को रूपमा र मझौला कार्यालयहरूलाई ग्राहक सेवा तथा मर्मत सम्भार केन्द्रको रूपमा रहने गरी Bench Marking मा आधारित कम्पनी पुनर्संरचना गर्ने।<br>❖ कर्मचारी वृत्ति विकासका आधारहरू फराकिलो बन्ने गरी दरबन्दी पुनरावलोकन गर्दै सबै सेवा र समूहको समान र समानुपातिक वृत्ति विकास हुने गरी कम्पनीको वैज्ञानिक पुनर्संरचना गरी अविलम्ब लागू गर्ने।<br>❖ नीति निर्माता मानिएका केन्द्रीय कार्यालयका तह ११ का पदहरूलाई मिश्रित सेवामा राखी क्षमता अभिवृद्धि गर्ने। |
| ६.<br>प्रविधि र पूर्वाधार<br>Technology and | ❖ Voice सेवाको रूपमा 2G र Data सेवाको लागी 4G सेवालाई बिस्तार गर्ने<br>❖ 4G आयोजना तत्काल सम्पन्न गरी ग्राहक मागको आधारमा नयाँ आयोजना सञ्चालन गर्दै आगामी ५ वर्ष भित्रमा 5G मा प्रविधिको रूपान्तरण गर्ने। |

| | |
|---|---|
| infrastructure | ❖ Data उपभोग क्षमता बढाउन Content platform, Cloud Computing, IoT Solutions, e-commerce platform निर्माण गर्ने।<br>❖ Digital Nepal बनाउने राज्यको अवधारणा सार्थक बनाउन ग्रामीण दूरसञ्चार विकास कोषको समेत सहयोगमा देशभरका सबै वडासम्म FTTH Network निर्माण गरिसक्ने र नेपाली जनतामाझ यो सेवालाई लोकप्रिय बनाउन आवश्यक सबै उपायको प्रयोग गरी देशभर **"एक परिवार एक FTTH"** नारा सार्थक बनाउने गरी कार्यक्रम सञ्चालन गर्ने।<br>❖ **Data Centre** को स्थापना गरि नेपाललाई **International traffic hub** को रूपमा स्थापित गर्ने ।<br>❖ निजी इन्टरनेट सेवा प्रदायक (ISP) सँगै इन्टरनेट सेवा विस्तारमा data bundle, home connection, rural , remote maintenances सञ्चालन गर्ने<br>❖ कम्पनीको कार्यसम्पादनको लागि विभिन्न Software को सट्टा सम्भव भए सम्म एकै Software मार्फत कार्य गर्ने। हाल कम्पनीको प्रयोगमा रहेका विभिन्न Software हरूमा रहेको डाटाहरूलाई केन्द्रीकृत नियन्त्रण हुने व्यवस्था गर्ने ।<br>❖ सूचनामा आधारित निर्णय प्रणाली लागु गर्न Digital office को अवधारणा लागु गर्ने ।<br>❖ कम्पनीबाट सञ्चालित मुख्य परियोजनाहरूको Technical Audit र Third Party Evaluation गराउने । |
| ७.<br>साइवर सुरक्षा<br>Cyber security | ❖ सञ्चार सेवाहरूको विश्वसनीयता र सुरक्षाको सुनिश्चितता गर्दै साइवर हमलाबाट नेटवर्क र डाटा जोगाउन साइवर सुरक्षा युनिट बनाएर सेवाग्राहीलाई विश्वसनीयता कायम गरी सरकारको र अन्य संस्थाहरूको समेत Data सुरक्षा सम्वन्धि कार्य गर्ने। |
| ८.<br>ग्राहक सेवा<br>Customer service | ❖ Omni-Channel customer service र 24x7 maintenance plan लागु गर्ने।<br>❖ Guaranteed Service Aggrement गरी Corporate सेवा प्रदान गर्ने।<br>❖ ग्राहक लक्षित विज्ञापन प्रवर्धन हुने गरी विज्ञापन नीति बनाउने।<br>❖ **"भरपर्दो सेवा ,दक्ष जनशक्ति, सन्तुष्ट ग्राहक टेलिकमको सम्पत्ति"** भन्ने नारा सार्थक बनाउन नियमित बजार सर्वेक्षण गरी ग्राहकको माग र आवश्यकता अनुसार सेवा प्रदान गर्न सबै कर्मचारीलाई व्यवसाय प्रवर्द्धनको लागि Brand Ambassador बनाउने |
| ९.<br>दूर सञ्चार क्षेत्रको स्थायित्व<br>Stability of telecom sector | ❖ आम्दानीको आधारमा दूरसञ्चार सेवाको नवीकरण गर्ने गरी समय सापेक्ष दूर सञ्चार ऐन र नियमावली संशोधन गर्ने।<br>❖ दूर सञ्चार सेवामा कर र सेवा शुल्कको नाममा लाग्ने दोहोरो कर हटाई सरल कर प्रणाली लागु गर्ने<br>❖ बजार सुदृढीकरण र विस्तारको लागि नेपालमा अन्य निजी टेलिकम कम्पनीको Acquisition गर्ने अवसर सृजना गर्ने।<br>❖ OTP का हरेक सेवालाई आयको श्रोत बनाई करको दायरामा ल्याउने। |
| १०.<br>कार्य संस्कृति<br>Work culture | ❖ संविधान, श्रम ऐन र ट्रेड युनियन ऐन प्रदत्त ट्रेड युनियन अधिकार निर्बाध उपभोग गर्न तथा कम्पनीमा ट्रेड युनियन महत्वलाई उच्च प्राथमिकता दिन संस्कृतिको निर्माण गर्ने ।<br>❖ कम्पनीका Core कार्यहरू कम्पनी भित्रकै कर्मचारीबाट गराउने, कम्पनी अन्य (Non-Core) कार्यको लागी भएका कर्मचारी अपुग भएमा मात्र Service Outsource Model मा Outsourcing सेवा लिने।<br>❖ वृत्ति विकासको ३६० डिग्री मूल्याङ्कन प्रणाली लागु गर्ने।<br>❖ असल श्रम सम्बन्ध कायम गर्न श्रम सम्बन्ध समितिलाई क्रियाशील बनाउने ।<br>❖ कामको जिम्मेवारी नलिने र नदिने संस्कृतिलाई निरुत्साहित गर्ने ।<br>❖ "निष्ठा पहिलो, भ्रष्टाचार अन्तिम" अन्तिम अभियान चलाउने |
| कर्मचारी सरोकार | ❖ कर्मचारीको समय सापेक्ष सेवा सुविधा तथा वृत्ति विकासको सुनिश्चितता<br>❖ दण्ड तथा पुरस्कारको व्यवस्था गरी सो को प्रभावकारी कार्यान्वयन र कार्य सम्पादन मूल्यांकनमा प्राथमिकीकरण<br>❖ कर्मचारीको वैयक्तिक क्षमताको आधारमा कामको जिम्मेवारी<br>❖ उपभोग गरिसकेको सेवा शर्त तथा सुविधाको पुनर्स्थापना<br>❖ थप जिम्मेवारी लिन चाहने कर्मचारीहरूलाई प्रोत्साहन |